अन्तिम लेखापरीक्षण प्रतिवेदन

राक्सीराङ्ग गाउँपालिका, मकवानपुर

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मितिः २०७७/३/२५

श्री राक्सीराङ्ग गाउँपालिका,
मकवनपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व वाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औँल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या: २०७६।०७७

च.नं ८४४

श्री प्रमूखज्यू,
राक्सिराङ्ग गाउँपालिका,
मकवानपुर ।

मितिः २०७७।३।२५

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले राक्सिराङ्ग गाउँपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड १३ लाख ५१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१४ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २६ लाख ७४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५२ लाख ९५ हजार र पेश्की रु.१ करोड १९ लाख ३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।९।७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पृष्ठ २३ (तेईस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

राक्सिराङ्ग गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकार सञ्चालन गर्ने उद्देश्यले राक्सिराङ्गगाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु राक्सिराङ्गगाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा रहेका छन् । २२६.७० व.कि.मि. क्षेत्रफलमा फैलिएको र कूल जनसंख्या २६,१९२ रहेको यो गाउँपालिका वागमती प्रदेशमा रहेको छ ।

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

आम्दानीतर्फ				खर्चतर्फ			
सि.नं.	विवरण		रकम	सि.नं.	विवरण		रकम
१	**गत वर्षको जिम्मेवारी**	-	**४५६९७३८४.५०**	१	**चालु खर्च**		**१९३७१२०४९.००**
	क) नगद			२	**पूँजिगत खर्च**		**२०४५८२६९९.००**
	ख) बैंक	४५६९७३८४.५०		३	**वित्तीय ब्यवस्था भुक्तानी**		**०.००**
२	राजश्व (आन्तरीक आय)		**९१३९८२०२.९१**		क) ऋणभुक्तानी	०.००	
	क) आनतरीक राजश्व	११८६२१८४.००			ख) ब्याजभुक्तानी	०.००	
	ख) राजश्व बाँडफाँट	७११९०५७६.९१			ग) अन्यभुक्तानी	०.००	
	ग) अन्य आय	८३४५४४२.००		४	**लगानी**		**०.००**
३	**वित्तीय हस्तान्तरण**		**२०८६१२०००.००**		क) ऋणलगानी	०.००	
	क) वित्तीय समानिकरण अनुदान	९२२००००.००			ख) शयरलगानी	०.००	
	ख) सशर्त अनुदान	११६४१२०००.००			ग) अन्यलगानी	०.००	
	ग) समपुरक अनुदान	०.००		५	**धरौटी फिर्ता**		**१७२८६३०.००**
	घ) विशेष अनुदान	०.००		६	**विभिन्न कोष खर्च**		**०.००**
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		**७८२५४०००.००**	७	**मौज्दात**		**८२८९२८२९.४१**
	क) वित्तीय समानिकरण अनुदान	७९५००००.००			क) नगद	०.००	
	ख) सशर्त अनुदान	२०३०४०००.००			ख) बैंक	८२८९२८२९.४१	
	ग) समपुरक अनुदान	०.००			समानिकरण अनुदान संघीय सरकार	१०२७०५६९.००	
	घ) विशेष अनुदान	५००००००.००			समानिकरण अनुदान प्रदेश सरकार	१०९१७०६.००	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		**०.००**		विशेष अनुदान प्रदेश सरकार	१६२१७०६०.००	
६	**वित्तीय ब्यवस्था प्राप्ति**		**०.००**		कर, दस्तुर,से वा शुल्क, आदि	१६३८७५२६.५०	
	क) ऋण प्राप्ति	०.००			घर जग्गा रजिष्टेशन	७३३३०७.००	
	ख) साँवा प्राप्ति	०.००			राजश्व बाँडफाँट	१८९६४६४७.४१	
	ग) ब्याज प्राप्ति	०.००		-	प्रदेशबाट सवारी कर	८६८४१४९.५०	
	घ) अन्य प्राप्ति	०.००		-	जिल्ला समन्वय समिति	७०००००.००	
७	**विभिन्न कोषतर्फको आय**		**०.००**		कन्टिजेन्सी	१३४५४४२.००	
८	**जनसहभागिता (नगद)**		**०.००**		स्थानीय तह धरौटी खाता	२१९८४२२.००	
९	**विषयगत निकायबाट प्राप्त रकम**		**५५३०३११८.००**				
१०	**धरौटी आय**		**३६५१५०२.००**				
११	**लगानीको साँवा फिर्ता**		**०.००**	-			
१२	**अन्य विविध आय**		**०.००**	-	-		
	जम्मा		**४८२९१६२०७.४१**		***जम्मा***		**४८२९१६२०७.४१**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा असुली : लेखापरीक्षणको क्रममा बढी ग्रेड भुक्तानी रु ३४४५.२० मिति २०७६।८।१२ मा राजश्व दाखिला भएको छ ।	
१.	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । त्यसतै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले आर्थिक वर्ष २०७५।७६को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा पेश गरि आषाढ ३० भित्र स्वीकृती हुनुपर्ने उल्लेख छ । सभावाट मिति २०७५।३।१० मा वजेट स्वीकृत गरीप्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन ।	
२.	**वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र पारीत गर्नुपर्ने व्यवस्था बमोजिम गाउँपालिकाको सभा मिति २०७४ आषाढ १० गते बसी वजेट, नीति तथा कार्यक्रम पारित गरेको देखिन्छ ।	
३.	**श्रोतअनुमान तथा वजेट सीमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम पालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन ।	
४.	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाबाट आवश्यकताका आधारमा योजनाहरुको छनौट तथा कार्यान्वयन भएको पाइयो । कार्यक्रमहरुको प्राथमिकिकरण र तादाम्यता मिलाउनुपर्दछ ।	
५.	**बैंक मौज्दात हिसाव :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा संचित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । गाउँकार्यपालिकाको बैंक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको बैंक मौज्दात रु ९२२८७३१३३।८२ देखिन्छ । सो मध्ये चेक साट्न वाँकी रकम रु.११३७५१३७४।२२ देखिन्छ । जम्मा बाँकी ७३७७१०६९।८६ देखाई खूद मौज्दात रु ८२८९२८२९।४१ हुने देखिन्छ ।	
६.	**लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । गाउपालिकाले महालेखापरीक्षकबाट स्वकृति वमोजिमको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।	
७.	**राजश्व अभिलेख :** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश ३ आर्थिक	

कार्यविधि ऐन, २०७४ को दफा २ (भ) मा वित्तिय विवरण सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष रु.७००४९०५६।०० राजस्व आन्तरिक आम्दानी भएको भनि देखाएकोमा राजस्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प. फा.नं. १०८ राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.फा.नं.२३ को राजश्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

गाउँपालिकाले करदाता वा सेवाग्राहिबाट प्राप्त हुन आएको राजश्वको सम्बन्धित आय शीर्षक खातामा प्रविष्ट गरी स्रेस्ता राख्नु पर्नेमागाउँपालिकाको९ वडा कार्यालयहरुले उठाएको राजश्व दैनिक आम्दानी अभिलेख नगदी रसिद अनुसार राखी सोको बैंकदाखिलाको आधारमा आम्दानी जनाउनु पर्दछ ।राजश्व असुली तथा दाखिलाको विवरण नराखी बैंक जम्मा गरेको भौचरको आधारमा आम्दानी गरेको देखिन्छ ।

८. **नगदी रसिद :** गाउँपालिकालेछपाई भएका प्याडहरु रसिद नियन्त्रण कितावमा राखी सोको अभिलेख जनाई वडाको राजश्व उठाउने कर्मचारीलाई वुझाउनु पर्दछ । राजश्व उठाउने कर्मचारीले वुझि लगेका रसिद गाउँपालिकाले फिर्ता लिई सो वमोजिमको राजश्व वा मालपोत प्राप्त भए नभएको एकिन गर्नुपर्दछ । गाउँपालिकाबाट छपाइ गरेका सवै नगदी रसिदको हिसाव रसिद नियन्त्रण खातामा राखेको छैन भने वडामा गएका नगदी रसिद तथा मालपोत रसिद जिम्मा लिनेवाट रसिद वमोजिम नगद प्राप्त भयो भएन अभिलेख समेत वनाएको छैन । आर्थिक विवरणमा देखाएको स्थनीय संचित कोषमा जम्मा भएको आन्तरिक आम्दानी समेत कुन वडावाट जम्मा भयो के कति रसिदवाट सो रकम जम्मा भएको थियो सो को अभिलेख विना नै बैंकमा जम्मा भएको आधारमा आन्तरिक राजश्व हिसाव देखाएको छ । छपाई भएका रसिद, रसिद अनुसारको राजश्व संकलन तथा सोको अभिलेख एकिन गरिनु पर्दछ ।

९. **विभाज्य कोष :** प्रदेश आर्थिक ऐन, २०७५ मा मनोरञ्जन, विज्ञापन, रोयल्टीको बाँडफाड तोकिए बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले आ.व. २०७५।०७६ को कूल आम्दानी रु ८०६९४४०७।४१ मध्ये विभाज्य कोषमा जानुपर्ने रु १०६४५३५०।७५ र आ.व. ०७६।७७ मा जम्मा भएको रु ७५००००००।०० समेत जम्मा रु १८१४५३५०।७५ विभाज्य कोषमा मिति २०७६।६।१५ मा बाँडफाँड गरी प्रदेश संचित कोषमा ६३३८९९७।३० मु.अ.कर मा २०६०१७१।२७ अग्रीम आय करमा रु २३७७११।२२ र स्थानिय संचित कोष खातामा ९५०८४८०।९५ बाँडफाँड गरेको देखिन्छ ।

१०. **राजस्व परामर्श समिति :** स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्वन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरु तोकिएको छ । राजस्व परामर्श समितिको बैठक मिति २०७५।११।१३ मा बसेतापनि राजस्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानुनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ ।

११. **कार्यक्रम परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरुको सिफारीसमा गाउँकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।

(रु. हजारमा)

सि.नं.	मौजुदा कार्यक्रम	रकम	परिवर्तित कार्यक्रम	रकम
१.	चरिमारा गलिंग सडक	०	चरिमारा गलिंग सडक	२०००
२.	जलधारा संरक्षण कार्यक्रम	०	विभिन्न १० कार्यक्रमहरु	६००

३.	पोखरी कुवा संरक्षण कार्यक्रम	६००	पोखरी कुवा सरंक्षण कार्यक्रम	०
४.	बिपद व्यवस्थापन	२००	विभिन्न ४ कार्यक्रम	२०००
५.	विभिन्न सडक मर्मत	०	सडक मर्मत	२०००
६.	भैपरी पूँजीगत निर्माण	०	भैपरी पूँजीगत निर्माण	२०००
७.	गत आ.व.को जिम्मेवारीबाट खर्च	०	विभिन्न ५२ कार्यक्रमहरु	९२८३

८. **लक्ष्य तथा प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त योजना विवरण अनुसार यस वर्ष सञ्चालित कुल ४४२ योजना सञ्चालन भएकोमा ६० वटा योजनामा शुन्य प्रगती रहेको पाइयो ।सञ्चालित कार्यक्रमका विभिन्न ४४२ क्रियाकलापका लागि रु ४१ करोड ८५ लाख ९७ हजार विनियोजन भएकोमा कुल ३४ करोड ८६लाख ९६ हजार खर्च भई समग्रमा ८३ प्रतिशत मात्र वित्तिय प्रगति भएको छ । गाउँपालिकाले क्रियाकलापगत रकम र परिमाण खुल्ने गरी एकिकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकाले सोको विश्लेषण गर्न सकिएन । पेश भएको विवरण बमोजिम सञ्चालित कार्यक्रम मध्ये शुन्य प्रगति भएकाकार्यक्रम ६० योजनामा ६ करोड ९९ लाख १ हजार अर्थात १३.५ प्रतिशत रहेका छन् । त्यस्तै ६८ संचालित योजनामा रु २ करोड ५६ लाख २७ हजार खर्च भएकोमा ६१ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमानै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन हुनुपर्दछ ।

९. **आन्तरीक नियन्त्रण प्रणाली :** प्रदेश ३ को आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।

- प्रत्येक कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको ,
- मर्मत अभिलेखको खाता राख्ने नगरेको ,
- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको,
- केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको ।
- भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको ,
- कन्टिन्जेन्सी खाता अद्यावधिक गरी नराखेको ,
- प्राविधिक जाँचपास, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरुमा स्वीकृत मितिहरु उल्लेख गर्ने नगरेको ,
- यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ,
- सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८ वमोजिम खरिद योजना वनाइ खरिद भएको छैन,
- अधिकांश उपभोक्ताका समितिबाट नापी किताब र रनिंग बिल प्रमाणित नगराएको ,
- सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई

लगायतका कार्य आंशिकरुपमा मात्र गरेको ,

- सञ्चालित कार्यक्रम आंशिक रुपमा अनुगमकन गरेको फाराम संलग्न गरेको भए पनि सवै अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन ,
- सवारी साधन लगबुक अद्यावधिक नगरेको ।

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

१०. **सेवा प्रवाह** : लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २०७५।७६ मागाउपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

सि.नं.	विवरण	सेवा प्राप्तीका लागि निवेदन संख्या
१	विवाह दर्ता	६७६
२	जन्म,मृत्यु दर्ता	९३
	जम्माः	**७६९**

११. **न्यायिक समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(१०) बमोजिम न्यायिक समितिले विवादमा मेलमिलाप गराउने प्रयोजनको लागि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्न सक्ने र दफा ५३(२) बमोजिम न्यायिक समितिले आफुले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले विवाद सम्बन्धी उजुरीको विवरण पेश नगरेकोले थप विश्लेषण गर्ने अवस्था छैन् । उल्लेखित नियम बमोजिम न्यायिकसेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ ।

१२. **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले वित्तिय समानीकरणतर्फ विभिन्न ४४२ योजनाका लागि४१ करोड ८५ लाख ९७ हजार विनियोजन गरेकोमा लेखापरीक्षणलाई प्राप्त योजना विवरण अनुसार यस वर्ष सञ्चालित कुल ३८२ योजनाहरु मध्ये १ लाख भन्दा कममा१०३ योजना १-५ लाख सम्मका २०१ योजना, ५-१० लाख सम्मका २१ योजना र १० लाख भन्दा माथी २४ योजना सञ्चालन भएकोमा ६० वटा योजनामा शुन्य प्रगती र ३४ करोड ८६ लाख रकम विनियोजन गरी खर्च लेखेको पाईयो । गाउँपालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगारेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेकोले सडकको संरचना तथा स्तरोन्नतीमा ध्यान दिएको पाईएन । गाउँपालिकालेमध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ ।

१३. **कर्मचारी व्यवस्था** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन र दरवन्दी सम्वन्धी व्यवस्था छ । गाउँपालिकामा रहने (स्वास्थ्य अन्तर्गतका बाहेक) कर्मचारी दरवन्दी ३७रहेपनि पदपूर्ति ११ रहेको देखियो । विभिन्न २६ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । गाउँपालिकाले १७ कर्मचारी करारमा नियुक्ती गरी रु.६१९०७८।- खर्च लेखेको पाइयो ।

१४. **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले आ.ले.प शाखा गठन समेत गरेको छैन । त्यस्तै आ.व २०७५।७६ को कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको पालना गरी अन्तिम लेखापरीक्षण हुनु पुर्वनै आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

१५. **फिर्ता अनुदान** : नेपाल सरकार, अर्थमन्त्रालयको च.नं ९६९ मिति २०७५।२।२७ को पत्रानुसार आ.व २०७५।०७६ को अन्तरसरकारी वित्तिय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शनको वुदा न) ७ मा शशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई वचत भएमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले संघीय सशर्त कार्यक्रमको रु १४४१९८३०।१२ र प्रदेश सशर्त कार्यक्रमको रु १३७११७८।०० मिति २०७६।४।१० मा नेपाल बैंक लि.हेटौडाको खातामा फिर्ता दाखिला गरेको प्रमाण पेश गरेको छ । गाउँपालिकाले यस आ.व.मा रु ५ करोड प्रदेश विशेष अनुदान प्राप्त गरेकोमा रु ३३७५००८८।०० खर्च भई बाँकी रु १६२४९९१२ देखिन्छ ।

प्रदेश नं. ३ आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. १५८३, मिति २०७६।३।३१ को मन्त्रीपरिषद्को निर्णयानुसार विशेष अनुदान अन्तर्गतका यस पालिकाका ३ योजनाको म्याद थप गरी प्रदेश विशेष अनुदान कार्यविधि, २०७५ को दफा ८(३) बमोजिम आगामी आ.व.को प्रथम चौमासिक भित्र अनिवार्य गर्नका लागि स्वीकृत प्रदान गरेको पाइयो । यस परिपत्रका आधारमा बाँकी रकम रु १६२४९९१२।०० गाउँपालिकाको संचित कोषमा नै बाँकी रहेको छ ।

१६. **चौमासिक खर्च** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तिय समानीकरण पुंजिगत तर्फ प्रथम चौमासिकमा १.६ प्रतिशत, दोश्रो चौमासिकमा ३१.३ प्रतिशत र तेश्रो चौमासिकमा ६६.९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ३४.७प्रतिशत खर्च भई तेस्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । वार्षिक कार्यक्रम अनुसार चौमासिकरुपमा वजेट खर्च गर्नु पर्दछ ।

क्र. स.	बजेट उपशिर्षक	कुल खर्च (रु हजारमा)	चौमासिक खर्च (रु हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
१	पुंजिगत	२०४५८२	३४७४	६४१०७	१३७०००	७११३१
	खर्च प्रतिशतमा		१.६	३१.३	६६.९	३४.७

१७. **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको कार्यक्रम लक्षीत समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्चगर्नु पर्दछ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा गाउँपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको वजेटवाट पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च गाउँी वितरणमुखि कार्यक्रममा खर्च गरेको पाईयो । रकम खर्च गर्दा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नु पर्दछ ।

१८. **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले कुल आन्तरीक आयतर्फ आम्दानी गर्ने लक्ष्यनै नतोकेको र व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनुपर्दछ ।

१९. **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिएबमोजिम सवारी कर उठाउने उल्लेख छ । गाउपालिकाले सवारीहरुको दर्ता एवं नविकरणको दर तोकेको भए पनि यो वर्ष आम्दानी गर्ने लक्ष्य नराखेको तथा आम्दानी समेत भएको पाईएन ।

२०.	**वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम पालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाउँमा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर बुझाउन ताकेता समेत गरेको पाईएन यस क्षेत्रमा दर्ता व्यवसायी करदाता मध्ये ४ आंशिकले मात्र नविकरण गरेको र अन्यले गरेको पाइएन ।	
२१.	**भ्रमणको उद्देश्य** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण खर्चको बिल भरपाई सहित भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भ्रमणको उद्देश्य नखुलाई भ्रमण खर्च लेख्ने गरेको देखिन्छ । यस्तो प्रकृयामा सुधार गरिनुपर्दछ ।	
२२.	**स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम पालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । आधारभूत तथ्यांकको अभावमा नीति योजना तर्जुमामा समस्या रहेको छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
२३.	**कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ठ रु ३ लाखबजेट देखाए पनि खातामा जम्मा गरेको देखिएन ।	
२४.	**कोष व्यवस्थापन :** गाउँपालिकालेआफ्नो नियमित कार्यलाई व्यवस्थित वनाउन विभिन्न कोषहरु स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्वन्धमा सभावाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी संचालन गर्नु पर्दछ । पालिकाको वैठकले विपद व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरु खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भएता पनि कोष संचालन कार्यविधी सभावाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधी तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।	
२५.	**आन्तरिक आय प्रक्षेपण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन ।गाउँपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतवाट रु.७ करोड ८४ लाख ८२ हजारआन्तरिक आय प्रक्षेपणगरेको छ ।प्रक्षेपण गरिएको मध्ये रु ९१३९८२०२।०० मात्र संकलन भएको देखिएको छ । गाउँपलिकाले आन्तरिक आयका क्षेत्र पहिचान गरी आत्मनिर्भरता तर्फ उन्मुख हुन थप प्रयास गर्नुपर्ने देखिन्छ ।	
२६.	**वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालीकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । गाउँपालिकाले नदी उत्खनन् कार्यको लागि IEE गरेतापनि सरसफाईको काममा गाउँपालिका कार्यक्षेत्रको सडक सफाइ, फोहोर संकल जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा वजेट नराख्ने कार्यले स्वच्छ तथा सफा गाउ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरु समेत संचालन गर्नुपर्दछ ।	
२७.	**सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण	

अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष त्यसप्रकारको सार्वजनिक परीक्षण गरेको पाइएन । खर्चलाई पारदर्शी गर्न ऐनको व्यवस्था पालना गर्नुपर्दछ ।

२८. **खर्चको मापदण्ड नबनाएको :**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले वजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले इन्धन सवारी साधनको बाहेक मापदण्ड वनाएको पाईएन । खर्च रकम नियनत्रण गर्न आवश्यक मापदण्ड वनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

२९. **विद्यालयलाई अनुदान** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्बन्धी व्यवस्था छ । गाउँपालिका अन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकको लागि छुट्टै बजेट उपशीर्षकबाट बजेट निकासा भएको देखिन्छ । सोको अतिरिक्त निम्न विद्यालयलाई वित्तीय समानीकरणबाट तलवमा निकासा अनुदान दिएको देखियो । विद्यालय तथा शिक्षक समायोजनको कार्य आधार बेगर थप तलव अनुदान दिएको रकम नियमित नदेखिएको रु. ३६७९९००.००

सि.नं.	कार्यक्रम/आयोजनाको नाम	रकम
१.	अतिरक्ति क्रियाकलाप	१३५०००.००
२.	अनुगमन	१२४०००.००
३.	आधारभूत विद्यालय ठूलो टोडके काँकडा	१२००००.००
४.	आधारभूत विद्यालय राक्सिराङ्ग७, जुरेथुम	२६००००.००
५.	कालिका नि.मा.वि., राक्सिराङ्ग	३२५०००.००
६.	कालिका मा.वि., अठारे खैंराङ्ग	३२५०००.००
७.	जनजागृति प्रा.वि.बरेटार, सरिखेत	९००००.००
८.	जनजागृति प्रा.वि., राक्सिराङ्ग	१९५०००.००
९.	देवीथान प्रा.वि., सल्लेनी, खैराङ्ग	१९५०००.००
१०.	धिराङ्ग प्रा.वि., धिराङ्ग, काँकडा	१२००००.००
११.	नवजीवन प्रा.वि., ताङ्गराङ्ग, राक्सिराङ्ग	१९५०००.००
१२.	प्रजाजागृति नि.मा.वि., चैनपुर, राक्सिराङ्ग	१९५०००.००
१३.	प्रजाजागृति नि.मा.वि.पुस्तकालय अनुदान, चैनपुर, राक्सिराङ्ग	५००००.००
१४.	प्रजाजागृति नि.मा.वि., कुडुले, सरिखेत	२६००००.००
१५.	बागेश्वर आधारभूत विद्यालय, खैराङ्ग	२६००००.००
१६.	बाल जागृति प्रा.वि., सरिखेत	९००००.००
१७.	महाँकाल प्रा.वि., शिक्षक तलब सहयोग	१३००००.००
१८.	विविध खर्च	६००००.०
१९.	शैक्षिक संस्थालाई सहायता	२००००००.००
२०.	श्रोत केन्द्र प्र.अ. मासिक बैठक समीक्षा	९०९००.००
२१.	श्री नि.मा.वि. देवीटार, राक्सिराङ्ग	२६००००.००
	जम्मा	**३,६७९,९००.००**

३०. **सामाजिक सुरक्षा :** यो वर्ष कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारको अनुदान रु.३३५४९०००।- प्राप्त भएकोमा सोमध्ये रु.३३३८०००।- खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

(क) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुदा नं. १० अनुसार गाउँपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहित मूल अभिलेख प्रत्येक वडामा राख्नुपर्ने, बुंदा नं. ११ अनुसार भत्ता पाउन अयोग्य भए लगत कट्टा गर्नुपर्ने, बुंदा नं. १६ अनुसार स्थानीय निकायले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिकको भत्ता आश्विनको दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ता र तेस्रो किस्ता जेष्ठको दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप गरेको देखिएन । पालिकाले फोटो सहितको

अभिलेख तथा भत्ता पाउन अयोग्यको लगत अद्यावधिक गरेको देखिएन भने निर्देशिकाले तोकेको समय सीमाभित्र भत्ता वितरण समेत गरेको छैन् ।

(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको बुंदा नं.२८ बमोजिम कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा अनुगमन गरेको देखिएन । त्यस्तै बुंदा नं. ३५ अनुसार वडा सचिवले प्रत्येक चौमासिकमा कम्तिमा १ पटक सामाजिक सुरक्षा कार्यक्रम सार्वजनिक सुनुवाई गर्नुपर्ने, प्राप्त भएका गुनासा समाधान नभए स्थानीय निकाय कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएपनि सो अनुरुप भएको देखिएन । आगामी आ.व. मा भत्ता पाउनेको सूची मार्ग मसान्तभित्र स्थानीय तहको कार्यालय, वडा कार्यालय र सार्वजनिकस्थलमा प्रकाशन गर्नुपर्नेमा सूची तयार गरी प्रकाशन गरेको देखिएन ।

(ग) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा गाउँपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता नमूना छनौट भएका वडाको परीक्षणको लागि पेश गरेकोमा सम्पूर्ण व्यहोरो खुल्ने गरी व्यवस्थित गाउँको र केहीको नामनामेसी समेत छुट भएको र वित्तीय सूचना प्रणाली (MIS) मा नामनामेसी राखेको देखिएन । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन गाउँको, पञ्जिकरण अभिलेख (जन्म, मूत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची-८(क) नपठाएको र अभिलेख समेत पेश गाउँबाट भिडान गर्न सकिएन ।

३१. **बैंक मार्फत भत्ता वितरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्बन्धित लाभग्राहीहरुको नाममा बैंक खाता मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बैंक खाता मार्फत भुक्तानी गाउँ नगदै भुक्तानी गरेकोले निर्देशिकाले तोकेबमोजिम गरी सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण/खर्च गर्नुपर्दछ ।

३२. वडा नं. ५ मा टिकामाया गलानलाई सामाजिक सुरक्षा भत्ता (विधुवा) बापत रु ४०००।०० हस्तलिखित भरपाई बनाई दिइएको देखियो । सामाजिक सुरक्षा भत्ताको भरपाई अनलाईन सिस्टममा हुनुपर्दछ ।

३३. **प्रोत्साहन भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट श्रावणदेखि अषाढसम्ममा बिभिन्न कर्मचारीलाई प्रोत्साहन भत्ता रु २१२६५४४।०० खर्च लेखेको छ । गाउँपालिकाको निर्णय अनुसारकार्यालय समय बाहेकको प्रमाणित हाजिरीका आधारमा प्रोत्सहन भत्ता भुक्तानी भएको देखिन्छ ।

यस सम्बन्धमा मिति २०७५।०८।०६मा स्वीकृत कार्यविधिका आधारमा भुक्तानी भएको प्रतिकृया प्राप्त भएको छ ।

३४. **विलभरपाइ वेगर भुक्तानी :**प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ मा खर्च गर्ने तरिका सम्वन्धमा व्यवस्था छ ।गाउँपालिकाले निम्नानुसारको भुक्तानीमा बिलभरपाई बेगर रु.८०००।०० खर्च लेखेको देखियो । बिल भरपाई बेगरको भुक्तानीको पुष्टाई पेश नभएकोले असुल हुनु पर्ने रु ८०००.००

गो.भौ.नं. र मिति	भुक्तानी पाउने	विवरण	भुक्तानी रकम	कैफियत
४९७/०७६/३/२७	न्यायिक समिति	मेलमिलाप	८०००	बिल भरपाई नभएको
		जम्मा	८०००	

३५. **मू.अ.करमा दर्ता नभएकासँग खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पाटी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ ।ढकाल टेण्ट हाउस रु.१०५०००.००भुक्तानी गरेकोमा मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको अनियमित देखिएकोरु — १०५०००.००

३६. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा गाउँसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. ३ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनले व्यवस्था नगरेको अवस्थामा पालिकाले देहाय बमोजिम रु. **५७५६९००।** सुविधावापत भुक्तानी भएको छ । सो मध्ये बैठक भत्तामा मात्र खर्च गरेको रु — ४८०५००.00

क्र. सं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ९जना	कार्यपालिका ५जनासदस्य	सभाका सदस्य ३१जना	जम्मा
१	मासिकसुविधा	३००००	२५०००	१८००००	४००००	१५५०००	४३००००
२	सञ्चारसुविधा (मासिकदरमा)	१५००	१०००	७२००	०	०	९७००
३	बैठकभत्ता (बैठकसंख्याकोआधारमा)	०	०	०	०	०	४८०५००
४	खाजाभत्ता (मासिक)	०	०	०	०	०	०
५	पुस्तकपत्रपत्रिका (मासिक)	०	०	०	०	०	०
६	अनुगमनभत्ता (मासिक)	०	०	०	०	०	०
७	खानेपानीविजुलीमहशुल (मासिक)	०	०	०	०	०	०
८	सरसफाईमर्मत (मासिक)	०	०	०	०	०	०
९	अतिथिसत्कार (मासिक)	०	०	०	०	०	०
१०	यातायातखर्च (मासिक)	०	०	०	०	०	०
	जम्मा	**३१५००**	**२६०००**	**१८७२००**	**४००००**	**१५५०००**	**४३९७००**
	बार्षिककुलजम्मा	**३७८०००**	**३१२०००**	**२२४६४००**	**४८००००**	**१८६००००**	**५७५६९००**

३७. **पोशाक खर्च :** गाउँपालिका तथा गाउँ सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको प्रदेश नं ३ को ऐन, २०७५ को दफा ३ बमोजिम अनुसुची १ मा व्यवस्था भए बमोजिम सुविधा पाउनेमा सो कानुनमा व्यवस्था नभएकोमा पोशाक खर्च सवै कार्यपालिका पदाधिकारीले भुक्तानी लिएको पाईयो । प्रदेश कानुन अनुसार सुविधा भुक्तानी हुनु पर्नेमा सुविधा सम्वन्धि कानुनमा नभएको सुविधा पोशाक खर्च नियम संम्मत देखिदैन । कानुन र मापदण्ड विपरित खर्च भएको देखिएको असुल गर्नुपर्ने रु. — १६३९६२.००

३८. **शसर्त शिक्षातर्फ**

३९. **अभिलेख** : गाउँपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी, दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । गाउँपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ ।

४०. **बढी ग्रेड भुक्तानी :** कार्यालयबाट प्राप्त शिक्षककहरुको २०७५।७६ को तलवी प्रतिवेदन अनुसार देहायका शिक्षकहरुको रु. ६८९०.४० ग्रेड बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. — ३४४५.२०

सि. नं	विद्यालयको नाम	शिक्षकको नाम	पारित ग्रेड संख्या	भुक्तानी भएको ग्रेड संख्या	ग्रेड रकम	४ महिनाको ग्रेड रकम	थप क.सं. कोष	जम्मा रकम
१	ठूलोभावर प्रा.वि.सरिखेत	प्रा.वि.द्धि.अशोक लामा (४ महिना)	४	५	७८३	३१३२	३१३.२०	३४४५.२०

४१.	पञ्चकन्या मा. वि. मा कार्यरत प्रा. वि. तहको शिक्षक धर्मराज थापालाई चौमासिक रुपमा तलब भुक्तानी भइसकेपछि अर्को विद्यालयमा सरुवा भई आउँदा पुनः १ महिनाको तलब रु.२५,११४।- बीमा रु.२००।- महंगी भत्ता रु.१०००।- समेत रु.२८,८२६।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने ठुलोभावर प्रा.वि.सरीखेतमा कार्यरत प्रा.वि.द्धि तहको शिक्षक श्री अशोक लामालाई दोश्रो चौमासिक रुपमा तलब निकासा भएको तर निज मिति २०७५ फाल्गुणदेखि अवकास हुने हुँदा एक महिनाको तलब ग्रेड तथा प्र.अ. भत्ता समेत रु. ३१८९५। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	३१८९५.००
४२.	**आन्तरीक आय** : गाउँपालिकाले मालपोत कर सेवा शुल्क, घर भाडा, अन्य दस्तुर, नविकरण दस्तुर गरी राजश्व वांडफांड वाहेक रु७,००,४९,०५६।६६ आम्दानी गरेको विवरण प्राप्त भएको छ । आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार गाउँ बैंक दाखिलाका आधारमा आम्दानी वांधेको तथा वडागत रुपमा विभिन्न शिर्षकहरुमा प्राप्त हुने रकमको लागि कस्ता प्रकारका आयका लागि कति व्यक्ति वा संस्थाबाट प्राप्त हुनु पर्ने हो र कतिले बुझाउन बाँकी छ भन्ने वडा तथा गाउँपालिकाले अभिलेख राखेको छैन । आन्तरिक आयको सम्बन्धमा प्राप्त हुनपर्ने वा उठाउन पर्ने राजश्व तथा उठेको सवै राजश्व आम्दानी जनाएको सम्वन्धमा एकिन गर्न सक्ने अवस्था छैन ।	
४३.	गाउँपालिकाले वडाकार्यालयमा नगदी रसिद प्रयोग भएको पुष्टी गर्ने रसिद नियन्त्रण खाता अद्यावधिक गरेको छैन । प्रयोग भएको नगदी रसिद नं गत आम्दानी दाखिला र नगद मौज्दातको विवरण तयार गाउँकोले सबै रसिदको आम्दानी प्राप्त भए नभएको एकिन गर्ने आधार देखिएन । साथै मौज्दात रहेको रसिदहरु समेत आर्थिक वर्षकै अन्त्यमा फिर्ता लिई आम्दानीको एकिन गरी मौज्दात एकिन गर्नुपर्नेमा सो बमोजिम भएको छैन । अतः आम्दानी जनाएको राजश्व वांडफांड, भाडा रकम वाहेक रु ७००१०३३२।०० सम्वन्धमा रसिद तथा सो लाई पुष्टि गर्ने अन्य विवरण पेश हुन नसकेकोले उक्त आम्दानी एकिन गर्न सकिएन । अतः उक्त रसिदहरुको नियन्त्रण खाता समेत अद्यावधिक गरी प्रयोग भएका रसिदबाट आम्दानी भए नभएको कार्यालयबाट एकिन हुनुपर्दछ । असुली दाखिला सम्बन्धमा कार्यालय प्रमुखले महिना महिनामा निरीक्षण गरी राजश्व हिनामिना भए नभएको एकिन गरिनुपर्दछ ।	
४४.	वडा नं. १ ले घर जग्गा मालपोत कर नगदी रसिद र.नं. ७०१ देखि ७५० र १८५१ देखि १९०० सम्म रसिद लगेको भए पनि रसिद नं. १८५१ देखि १९०० को ठेली मात्र कार्यालयमा बुझाएको तर ७०१ देखि ७५० सम्म बुझाइएको पाइएन ।	
४५.	वडा नं. २ ले घर जग्गा मालपोत कर नगदी रसिद र.नं. ३०१ देखि ३५० र १५०१ देखि १५५० सम्म रसिद बुझिलिएकोमा १५०१ देखि १५५० सम्मको रसिदको जम्मा आम्दानी २१८८२।०० भएको देखियो । साथै रसिद र.नं. ३०१ देखि ३५० सम्मको रसिदको ठेली कार्यालयमा बुझाइएको पाइएन	
४६.	**अबण्डा रकमः** गाउँपालिकाले पुँजीगत खर्चको आ.व. ०७५।०७६ को बजेट मा बाँडफाड गारेको बजेट अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । पालिकाले बजेट बाडफाँडमा कार्यक्रम ने उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा यसरी अवण्डा रकम राखी तजविजि रुपमा निर्णय गरी खर्च लेखेको नियम सम्मत देखिएन । यस्तो प्रकृयामा सुधार हुनपर्दछ ।	

कार्यक्रमको नाम	रकम (रु हजारमा)
बिपद व्यवस्थापन कार्यक्रमहरु	२०००
सुशासन प्रवर्द्धन	५००
अनुसन्धान विकास	१५००
भैपरी योजना सडक मर्मत	२५००
सामान्य सेवा	५३९१४
समपूरक	३०००
जम्माः	**६३४१४**

४७.	**गरीबसँग विश्वेश्वर कार्यक्रम :** यस कार्यक्रमबाट विभिन्न २९ महिलाहरुलाई बाखा तथा बोका खरीद गरी वितरण र हस्तान्तरण गरी रु.२ लाख खर्च लेखेको पायो । सो विपरित बाखाको उत्पादन तथा, जिविकोपार्जन भए नभएको सम्बन्धमा अनुमगन गरेको प्रतिवेदन पाइएन । बाखा वितरणको उपयोगिता सम्बन्धमा अनुगमन हुनुपर्दछ ।	
४८.	**प्रधानमन्त्री रोजगार कार्यक्रम :** यस कार्यक्रमको लागि रु.२४१३०००।०० बजेट व्यवस्थापन भएकोमा कार्यक्रम संचालन नभएको र कर्मचारी पारिश्रमिक एवं मसलन्द र कार्यालय सामाग्री लगायतमा मात्र रु ४७६११८।०० खर्च भएको रु	४७६११८.००
४९.	**चालूतर्फ :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले यस बर्ष ३ जना सामाजिक परिचालकहरुलाई मासिक १५ हजारका दरले रु ५ लाख ८५ हजार भुक्तानी खर्च लेखेको छ । मिति २०७५।४।१ देखि ०७६।३।३० सम्मको तलब रकम भुक्तानी गरेकोमा सामाजिक परिचालकहरुको कुनै पनि दरबन्दी नदेखिएको, नियुक्ति प्रकृया नभएको, दरबन्दी बाहेकको करार सेवामा खर्च लेखेको पाइयो । नियुक्ती सम्झौता पत्र र तलब भुक्तानी दिएको आधार लेखापरीक्षणलाई पेश हुन आएन । स्पष्ट आधार बेगरको खर्च रु ५८५०००।०० नियम संगत नदेखिएको रु	५८५०००.००
५०.	**बैठक भत्ता:** ४९७।०७६।३।२७स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ २०७४ को अनुसूचि १(क) मा गाउँपालिकाका सदस्यको सुविधा सम्बन्धी व्यवस्था तोकिएको छ । सो अनुसूचिको (क) ६ मा इजलास सभा न्यायायिक समितिका सदस्यलाई मात्र प्रति बैठक रु ५००।०० का दरले भुक्तानी हुने तोकिएको छ । गाउँपालिकाका न्यायायिक समितिका निम्नानुसार पदाधिकारीले तोकिएका भन्दा बढी दरमा र नपाउने भत्ता समेत रु १५१५०।०० बढी भुक्तानी गरेको छ । उक्त बढी भुक्तानी तथा नपाउने भत्ता असुल हुनुपर्ने रु	१५१५०.००

सि. नं.	समितिको नाम	भुक्तानी भएको दर	भुक्तानी	भुक्तानी पाउने रु.५०० का दरले	बढी भुक्तानी (कर कट्टी पछिको)
१.	निर्मला डिम्डुङ	१५००	६०००	२०००	३३५०
२.	रामकृष्ण प्रजा	१५००	६०००	२०००	३३५०
३.	मैना कुमारी गोले	१५००	६०००	२०००	३३५०
४.	डिमा डिम्डुङ	१५००	६०००	०	५१००

५१.	**३२९।०७६।१।१७:**साथै मिति २०७५।६।१७ देखि २०७६।१।१५ सम्मको ८ वटा बैठक भत्ता रु ३८२५०।०० भुक्तानीमा निम्नानुसारको बढी भुक्तानी रकम रु २८०५०।०० असुल हुनुपर्ने रु	२८०५०.००

सि.	समितिको नाम	भुक्तानी	भुक्तानी	भुक्तानी पाउने	बढी भुक्तानी
	निर्मला डिम्डुङ	१५००	१२०००	४०००	६८००
२.	रामकृष्ण प्रजा	१५००	१२०००	४०००	६८००
३.	मैना कुमारी गोले	१५००	१२०००	४०००	६८००
४.	डिमा डिम्डुङ	१५००	९०००	०	७६५०
				जम्मा	**२८०५०**

५२.	स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचि १ (क) मा गाउँपालिका सदस्यको सुविधा सम्बन्धी व्यवस्था तोकिएको छ । सो अनुसूची का (क)(७) मा समिति भत्ता, (विधागत, लेखा र सुशासन) प्रति बैठक भत्ता रु ५०० कार दरले भुक्तानी हुने तोकिएको छ । गाउँपालिकाले गाउँ शिक्ष समितिको बैठकमा विभिन्न १६ जनालाई रु १५००।०० का दरले रु ८१६००।०० (कर कट्टी पछिको) भुक्तानी खर्च लेखेको छ । नपाउने बढी बैठक भत्ता खर्च लेखेको रु ५४४०।०० (कर कट्टी पछिको) असुल हुनुपर्ने रु	५४४०.००
५३.	**अनुगमन नभएको:**स्थानीय सरकार संचालन ऐन, २०७४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । गाउँपालिकाबाट सञ्चालित योजनाको अनुगमन हुनुपर्दछ । पालिकाले यस बर्ष निम्नानुसारको अनुदान कार्यक्रम सञ्चालन गरेकोमा सो को अनुगमन तथा प्रतिवेदन गरेको पाइएन । चालु बर्ष अनुदान पाएका व्यक्ति तथा संस्था अघिल्ला बर्षहरुमा अनुदान पाएका	

थिएनन् भन्ने आधार एवं अभिलेख नरहेकोले आगामी बर्षमा दोहोरो पर्न सक्ने सम्भावना हुन जान्छ । अतः सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन गर्ने, उपयोगिताको विश्लेषण गर्ने र अभिलेख अद्यावधिक राख्नुपर्दछ । केही अनुदानमा संचालित कार्यक्रमका उदाहरणहरु:

सि.नं.	गो.भौ.नं.र मिति	भुक्तानी पाउने	रकम
१.	४८५/०७६/३/२५	अदित लोकल पोर्ल्टी फर्म	७००००.००
२.	४८५/०७६/३/२५	गाउँले पोर्ल्टी फर्म	५००००.००
३.	४८५/०७६/३/२५	ब्रदर्श पोर्ल्टी फर्म	५००००.००
४.	४५६/०७६/३/२५	बाखा पालन समूह	५९९२६७.००
५.	४६१/०७६/३/२५	कालिका बाखा पालन समूह	२००००.००
		जम्मा	**७८९२६७.००**

५४. **जाँचपास तथा फरफारक समिति :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूचि १ मा विधायन, लेखा र सुशासन समितिलाई मात्र प्रति बैठक रु.५००।०० का दरले बढीमा १२ बटा बैठकको लागि बैठक भत्ता तोकिएको छ । गाउँपालिकाले मिति २०७६।२।१ देखि २०७६।३।१० सम्म जाँचपास तथा फरफारक समितिको विभिन्न १३ वटा बैठक बापत रु १५००।०० का दरले विभिन्न ८ जनालाई रु १३००५०।०० (करकट्टी पछिको) भुक्तानी खर्च लेखेको छ । बैठक भत्ता भुक्तानी दर र भत्ता नपाउने समिति बैठकलाई खर्च लेखेको नियम बिपरित देखिएको रु — १३००५०.००

५५. **२५९।०७५।११।२:**मिति २०७५।९।६ देखि २०७५।११।१० सम्मको ५ वटा बैठक संस्थाको पदाधिकारी समेतको विभिन्न ९ जनाको समितिलाई जाँचपास तथा फरफारक समितिको बैठक भत्ता बापत रु १५००।०० का दरले रु ६६०००।०० र करकट्टी पछिको रु ५६१००।०० भुक्तानी खर्च लेखेको छ । पदाधिकारीलाई दोहोरो नहुने गरी मात्र बैठक भत्ता भुक्तानी हुनुपर्छ । नपाउने भत्ता खर्च लेखेको नियम विपरित देखिएको रु — ५६१००.००

५६. पुँजीगत कन्टेन्जेन्सी भनी योजना फरफारक समितिको बैठक ८ जना ९ पटक २०७६।३।१३ देखि ३।२४ सम्मको रु १०८०००।०० खर्च लेखेको नियमित नदेखिएको रु — १०८०००.००

५७. **सहकारी संस्थालाई अनुदान:**प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्बन्धी व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने कार्यविधि उल्लेख गरेको छ । गाउँपालिकाले निम्नानुसारका बचत तथा ऋण सहकारी संस्थाहरुलाई बिल भर्पाई र खर्च पुष्टि प्रमाण एवं आधार बेगर रु ८०३२८०।०० भुक्तानी खर्च लेखेको छ । गाउँपालिकाले आफ्नो बजेटबाट नाफामूलक सहकारी संस्थालाई अनुदान दिएको उपयुक्त देखिएन । अतः बिल भरपाई र खर्च पुष्टी हुने आधार एवं प्रमाण अनुदान उपयोग अनुगमन प्रतिवेदन बेगर भुक्तानी भएको अनियमित रु — ८०३२८०.००

गो.भौ.नं. र मिति	भुक्तानी पाउने संस्था	भुक्तानी रकम	कैफियत
४२५/०७६/३/१९	महिला मुक्ति बचत तथा ऋण स.संस्था लि.	६५०००.००	महिला तथा बालबालिका कार्यक्रम
४३५/०७६/३/२०	सयपत्री महिला सहकारी लि.	५००००.००	महिला तथा बालबालिका कार्यक्रम
३७८/०७६/२/२६	गरीबसँग विश्वेश्वर बचत तथा ऋण स.संस्था लि.	४०००.००	बिल छपाई
३९४/०७६/३/९	गोदावरी महिला जागरण स.सं.लि.	२९२०००.००	
३६५/०७६/२/१०	महिला मुक्ति बचत तथा ऋण स.संस्था लि.	५००००.००	
३०३/०७५/१२/१९	लेकाली महिला बचत तथा स.सं.लि.	५००००.००	
२२५/०७५/११/१	गोदावरी महिला जागरण स.सं.लि.	१४३०००.००	
१७४/०७५/९/२	राक्सिराङ्गमहिला उ.स.सं.लि.	१४९२८०.००	
	जम्माः	**८०३२८०.००**	

५८. **औषधिको लोगो :** गाउँपालिकाले खरिद गरेका औषधिहरुमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्थामा लोगो लगाएको छ छैन भन्ने सम्बन्धमा

परिक्षण गर्दा गाउँपालिकाको स्टोरमा कुनै पनि औषधी रहेको पाइएन । राक्सीरांग स्वास्थ्य चौकी स्टोर निरीक्षण गर्दा निम्नानुसारको पाइयो:

सि.नं.	औषधिहरुको नाम	म्याद नाघे ननाघेको	निशुल्क वितरण लोगो
१	Paracetamol Tab 500mg	July 2022	भएको
२	Albenduzole 400mg	Feb 2022	Ins Supply
३	OPS	Feb 2022	Ins
४	Cortimazole Cream	Aug 2021	भएको
५	Amoxycillin 500 mg	Jan 2022	भएको

५९. **निरिक्षण र स्वीकृती :** पालिकाले आपूर्ति गरिएका मालसामान संभौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्दछ । खरिद भएका औषधी तथा सर्जिकल सामानहरु स्टोर दाखिला गर्न पूर्व संभौता वमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

६०. गो.भौ.नं. २८।२०७५।८।२० आमा सुरक्षा कार्यक्रम अन्तर्गत ४ वटा स्वास्थ्य चौकीहरुमा सामान्य प्रसुति गराए वापत रु. १०००।०० र जटिल प्रकृतिको प्रसुति गराए वापत रु.३०००।०० सुत्केरी गराउने संस्थाले अनुदान पाउने व्यवस्था भए अनुरुप कार्यालयले सरिखेत स्वास्थ्य चौकीले ५ जना को जटिल प्रसुति सेवा गराएको भनि १५०००।०० खर्च भुक्तानी भएकोमा रेकर्ड भिडान गर्दा ३ जनाको मात्र जटिल प्रसुति सेवा गराएको पाइएकोले रु. ६०००।०० बढि भुक्तानी भएको रकम सम्बन्धित असुल गर्नुपर्ने रु. — ६०००.००

६१. ४२।२०७५।९।२६ महिला स्वास्थ्य स्वयमसेवकाहरुलाई पोशाक खर्च वापत रु. २७०,०००।०० भुक्तानी भएकोमा सामाजिक सुरक्षा कर वापत १ प्रतिशतले हुने रु. २७००।०० कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा कर कट्टा गाउँ भुक्तानी भएको हुँदा सो कर असुल गरी दाखिला गर्नुपर्ने रु. — २७००.००

६२. **निर्माण कार्यको अभिलेख :** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागी चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउं वा वस्तुको नाम उल्लेख गरे अनुगमन मुल्याङ्कन गर्न सहज हुने देखिन्छ । कार्यालयले गरेका अधिकाशं सडक ग्रावेल स्तरका हुने र पुराना तथा अधुरा काममा पनि थप काम गराउने गरेको देखिन्छ । साविक बर्षहरुमा त्यस्तै काम गर्ने गरेपनि कुन ठाँउमा गरियो पहिचान खुल्ने गरी अभिलेख राखेको देखिएन । निर्माण कार्यको अभिलेख एकिकृत गरी आर्थिक बर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी नभएको अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

६३. **नापी किताव :** गाउँपालिकाले निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागी नापी किताबमा अभिलेख राख्नुपर्दछ। उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजांच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्दछ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माण कार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजांच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताब प्रयोगमा ल्याउनु पर्दछ ।

६४. **उपभोक्ता समिति :** गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

(क) सार्बजनिक खरिद ऐन,२०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउंदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरि त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खिरद नियमावली २०६४ को निमयम ९७(९)प्राविधिक रुपमा जतिल काम (मेसिन औजार प्रयोग गरि काम गर्नुपर्ने अबस्थाका काम गराउनु हुदैन भन्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहायका उल्लेखित बिबरण अनुसार उपभोक्ता समितिबाट गराएको काम मितव्ययि, गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने निश्चित आधार नभएको तथा उपभोक्ताबाट काम हुन सक्ने अबस्था नभएको प्राविधिक रुपमा जटिल अर्थात भवन निर्माण तथा सडक निर्माण गर्ने जस्ता काम गराएको मनासिव देखिदैन । प्रविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समिति बाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ ।

उपभोक्ता समितीको नाम	कामको विवरण	भुक्तानी रकम	कैफियत
तालसी खैरांग सडक निर्माण उ.स.	सडक निर्माण	२२५००००.००	स्था.पु.नि.सा.
वडा कार्यालय उ.स.	निर्माण	१९९००००.००	स्था.पु.नि.सा.
लिम्वांग गलिंग उ.स.	सडक	६६६०००.००	स्था.पु.नि.सा.
	जम्मा	**४९०६०००**	

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समिति वा लाभग्राहि समूदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने र उप नियम (१५) मा हस्तान्तरित योजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नु पर्ने सेवा शुल्क तोक्न सक्ने र त्यस्तो शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नु पर्ने व्यवस्था उल्लेख छ ।गाउँपालिकाले यस आ.व.मा २८५ काम उपभोक्ता समिति मार्फत गराएको देखिएको छ । काम सम्पन्न भएको स्थितिमा, नियमानुसार सम्पन्न योजनाहरु उपभोक्तालाई हस्तान्तरण गरेको र मर्मत संभारका लागि कुनै कोष खडा गरेको देखिएन । योजना उपभोक्तालाई हस्तान्तरण तथा सेवा शुल्क निर्धारण गरी कोष स्थापना हुनु पर्ने देखिन्छ ।

(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण कार्यान्वयन गरेको देखिएन ।

६५. **कार्यक्रम संचालन प्रकिया** : गाउँपालिकाबाट कुनै तालिम,सेमिनार,गोष्ठी, कार्याशाला, गोष्ठी गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्दछ । यस्तो स्वीकृत कार्यक्रम अनुरूप सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशालागोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरूप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले तलिम कार्यक्रम गर्दा लागत अनुमान तयार गरी स्वीकृत गराएको पाइएन । लागत अनुमान अनुसार प्रत्येक कियाकलाप र सोको खर्च खुल्ने विवरण तयार गर्ने र खर्च सहितको प्रतिवेदन तयार गर्नु पर्दछ ।

६६. **अनुदान रकमको उपयोग :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले निम्नानुसारका स्वास्थ्य चौकीहरुलाई अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग व्यवस्था सम्बन्धमा एकिन हुन सकिएन ।

गो.भौ.नं. र मिति	भुक्तानी पाउने संस्था	भुक्तानी रकम
.३२३।२०७६।१।१६	सामुदायिक स्वास्थ्य इकाई राक्सीरांग ४	२ लाख
४२४।२०७६।३।१९	स्वास्थ्य चौकी, खैरांग	५० हजार
	स्वास्थ्य चौकी, कागडा	५० हजार
	स्वास्थ्य चौकी, राक्सीरांग	५० हजार
	स्वास्थ्य चौकी, सरिखेत	५० हजार
३२३।०७६।१।१६	सामुदायिक स्वास्थ्य इकाई, राक्सिरांग	४ लाख
	जम्मा :	८ लाख

६७. **मू.अ.कर समायोजन :** गो.भौंनं. २१।२०७६।३।३१बाटमूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ ।कार्यालयले साना सिंचाई आयोजनाको लागि पाईप खरिद गर्दा गोदावरी प्लाष्टोक्राफ्ट इण्डष्ट्रिज हेटौंडा ८ मकवानपुरलाई मू. अ. कर रु. ५५१४६ । सहित रु. ४७९,३४६ भुक्तानी गरेकोमा विल नं. २९७ हातले सच्याएको देखिएकोले मू.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. — ५५१४६.००

६८. **गाडी भाडाः** गाउँपालिकाले कार्यालय प्रयोजनको इन्धन बाहेक मासिक रु.९९ हजारमा सवारी साधन भाडा लिई खर्च गरेको देखिन्छ । गाडी भाडामा लिदा प्रतिस्पर्धा नगराएको कारण मितव्ययी रुपमा खर्च गरेको मान्नसक्ने अबस्था देखिएन ।

६९. **आम्दानी तर्फः**मनहरी खोला मनहरी पुलदेखि उत्तर गोराङ्गदी दोभान सम्मका विभिन्न २८ क्षेत्रहरुमा नदीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री वितरण गर्न रु १००३१८००। को न्यूनतम अंक कायम गरी विद्युतीय बोलपत्र आव्हान गरेकोमा २ बोलपत्र दाखिला भएकोमा १ मात्र रीतपूर्वकको भई अशोक सप्लायर्स प्रा.लि., राक्सिराङ्गको १००५००००।०० कबोल अंक स्वीकृत भई २०७५।१२।२२ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

(क) बोलपत्र आव्हानको सूचनाको शर्त अनुसार ४० प्रतिशत रकम सम्झौता हुँदा कै बखत नगद दाखिला र बाँकीको बैंक जमानत पेश गर्नु पर्ने उल्लेख भएकोमा विडवण्ड धरौटी समेत जम्मा रु.४०२००००।०० मात्र ५ पटकमा (०७५।१२।२०-०७५।१२।२७) सम्म) दाखिला गरेको देखिन्छ । अग्रिम कर र मु.अ.कर समेत रु ११५७७२५०।०० को ४० प्रतिशत रकमले हुने रु ४६०२९००।०० दाखिला गर्नु पर्ने शर्त विपरित रकम नबुझाई सम्झौदा गरेको पाइयो ।

(ख) सिटिजन्स बैंक इन्टरनेशनलको रु.७५ लाख रुपैयाँको बैंक जमानत २०७६ श्रावण ३१ सम्मको पेश भएकोमा अन्तिम किस्ता बुझाउने समय सम्झौतामा खुलाइएको पाइएन । उक्त रकम आषाढभित्र असुल गरी संचित कोष दाखिला गर्नुपर्नेमा २०७६।४।६ मा मात्र जमानत बापतको रकम दाखिला गर्न पत्राचार गरेको देखिन्छ । किस्ता बापतको रकम बैंक जमानतबाट नभई नगद २०७६।४।१९ र २०७६।५।१९ मा गरेर रु ७५ लाख संचित कोष दाखिला गरेको देखिन्छ । यसबाट अग्रीम आयकर र मु.अ.कर रकम यो बर्ष दाखिला हुन सकेन भने आय समेत कम हुन गएको देखिन्छ । जमानत बापतको रकम समयमा दाखिला गराई आय लेखांकन र राजश्व दाखिला नहुनु उचित देखिएन । किस्ता रकम समयमा दाखिला गाउँकोमा बिलम्ब दस्तुर १० प्रतिशत बार्षिक ब्याज दरले हुने ५० दिनको रु १०२७३९।७२ असुल गरी आम्दानी जनाउनुपर्ने रु — १०२७३९.७२

(ग) बोलपत्र सम्बन्धी सूचनामा १५२९२३८ घन फिट संकलन गर्ने, नगदी रसिद प्रमाणित गराई प्रयोग गर्नुपर्ने र संकलन र बिक्रि गरेको परिमाणको वितरण आवधिक रुपमा गाउँपालिकामा बुझाउनुपर्ने उल्लेख छ । व्यवसायीले संकलन विक्री वितरणको विवरण

पेश गरेको पाइएन भने गाउँपालिकाबाट उक्त परिमाण भन्दा बढी संकलन बिक्री विवरण गरे गाउँको अनुगमन गरेको प्रतिवेदन पेश भएन । यसबाट तोकिएको परिमाण भन्दा बढी उत्खनन् र बिक्री वितरण भएको छैन भन्ने आधार देखिएन । तोकिएको परिमाण भन्दा बढी संकलन बिक्री वितरण नहुने गरी नियन्त्रणको व्यवस्था अवलम्बन गरिनु पर्दछ । यसको लागि सम्झौता अनुसार संकलन बिक्री वितरणको प्रगति लिई नियमित अनुगमन प्रभावकारी बनाउनु पर्दछ ।

(घ) नदीजन्य पदार्थको आय बापतको रकम विभाज्य कोषमा जम्मा गरी तोकिए बमोजिम बाँडफाड गरिनु पर्नेमा यो बर्ष विभाज्य कोषमा जम्मा गाउँ स्थानीय संचित कोषमा जम्मा गरेको पाइयो । कार्यालयले २०७६।६।१५ मा बाँडफाड गरी सम्बन्धित खातामा दाखिला गरेको छ ।तोकिए बमोजिमको खातामा रकम जम्मा गरी समयमा नै बाँडफाड गरी सम्बन्धित खातामा दाखिला गरिनुपर्दछ ।

७०. **आन्तरिक आय :** गाउँपालिकाले यो बर्ष १ करोड १० लाख आन्तरिक आय प्राप्त हुने अनुमान गरेकामा २८१५८४६८।०० प्राप्त गरेको गरेको आर्थिक विवरण पेश भएको छ । उक्त रकमको शीर्षक गत असुली विवरण तयार गरेको पाइएन । यस बर्ष असुली हुनुपर्ने नदीजन्य पदार्थको उत्खनन् बिक्रीको आय चालु बर्षमा असुल भएको र यस बर्षको आम्दानी देखाएको रकमको ठूलो हिस्सा राजश्व बाँडफाडबाट प्राप्त आय रहेको देखिन्छ । राजश्वको शीर्षकगत असुली विवरण तयार गरी मूल्यांकन गर्ने र सम्भावित स्रोतहरुको पहिचान गरी आत्मनिर्भरता तर्फ अघि बढ्नु पर्ने देखिन्छ ।

गाउँपालिकाले २०७६।३।३१ मा निम्नानुसार व्यक्ति तथा संस्थाले २०७५।११।२४ देखि २०७६।३।३१ सम्म रु ४४५३५००।०० रकम बैंक स्टेटमेण्टको आधारमा आम्दानी जनाएको छ । अमानतबाट नदीजन्य पदार्थ संकलन निकासी दस्तुर बापतको रकम नगदी रसिद र राजश्व असुली दाखिला लेखा स्रेस्ता पेश नभएकाले उक्त रकम असुली यथार्थ छ भन्न सकिएन । कार्यालय प्रमुखले राजश्व असुली तथा दाखिला समयमा भए नभएको नियमित रुपमा अनुगमन गरेको समेत देखिएन । राजश्व असुलीको स्रेस्ता पेश नभएको रु

सि.नं.	मिति	दाखिला गर्ने	रकम
१.	२०७५/११/२४	बाबुराम वाइबा	४००००.००
२.	२०७५/११/२७	अर्जुन तामांग	५००००.००
३.	२०७५/११/२७	बाबुराम वाइबा	३००००००.००
४.	२०७५/११/२८	अर्जुन तामांग	१००००००.००
५.	२०७५/१२/३	कमल कान्त घिमिरे	१००००००.००
६.	२०७५/१२/८	नवराज थिंग	१२००००००.००
७.	२०७६/१/२५	तारादेवी मुक्तान	५००००००.००
८.	२०७६/२/५	अशोक सप्लायर्स	८००००००.००
९.	२०७६/२/१६	गायत्री प्रा.लि./के.आई.सिंह श्रेष्ठ	२५००००००.००
१०.	२०७६/३/१६	भबि प्रसाद श्रेष्ठ	३००००००.००
११.	२०७६/३/१७	भबि प्रसाद श्रेष्ठ	२००००००.०
१२.	२०७६/३/१७	के.आई.सिंह	५३३५००.००
१३.	२०७६/३/३१	धन लक्ष्मी बालुवा उद्योग	१००००.००
१४.	२०७६/३/३१	धन लक्ष्मी बालुवा उद्योग	७००००.००
		जम्मा	**४४५३५००.००**

४४५३५००.००

७१. **झोलुङ्गे पुल :** चैनपुर अल्दमार मनहरी खोलामा २५० मिटर लामो झोलुङ्गे पुल निर्माणको रु २२१५३८०९।७५ को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्र मार्फत घटी कबुल गर्ने नेपाल फुलबारी स्वर्णीम अन्शुमान जे.भी.को मु.अ.कर समेत १६१४४३१०।०० (कर १८.१० प्रतिशत घटी) को बोलपत्र २०७५।११।२७ मा सम्झौता भई १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी २०७५।११।२८ मा कार्यादेश भएको देखिन्छ । उक्त कार्यको निर्धारित समय भन्दा १४ महिना अगावै पुल निर्माण सम्पन्न भई दोस्रो तथा अन्तिम बिल सम्मको रु १६१४४३१०।००

मूल्यांकन भई २०७६।३।३१ मा भुक्तानी गरेको छ । निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य १४ महिना अगावै सम्पन्न गरेकोले सम्झौता को जीसीसी ४८.१ प्रतिशत अनुसार बोनश उपलब्ध गराउन माग गरेको भए पनि यस सम्बन्धी भुक्तानी भएको देखिएन ।

टीबीएसयू का भागवत यादव र बिना खनालले ६ सेप्टेम्बर २०१९ मा पुलको फिल्ड भिजिट गरी फिल्ड निरिक्षण प्रतिवेदन दिएको देखिन्छ । प्रतिवेदनमा Proper Back Filling in left Bank is required,फिनिसिङ्ग कार्यहरु गर्नुपर्ने र Missing Bulldog Grips Needs to be Replace गर्नुपर्ने उल्लेख गरेको र उक्त कार्यको Follow up गाउँपालिकाबाट हुनुपर्ने उल्लेख छ । सम्पन्न गर्न बाँकी उल्लेखित कार्यहरु सम्पन्न भएको दखिएन । उक्त अत्यावश्यक कार्यहरु सम्पन्न गर्न पहल हुनु पर्दछ ।

७२. **अधुरो ठेक्का :** मनहरी चैनपुर सडकको लागि समपूरक कोषबाट १ करोड बजेट स्वीकृत भएको देखिन्छ । १०४६८६५१।०० को लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट घटी कबुल गर्ने शिखर इन्जिनियरिंग कन्स्ट्क्सनको ७६११०९८।५० को कार्यको ठेक्का बन्दोबस्त गरेकोमा अन्तिम बिल भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । ठेक्का फाइनल पनि नगरेको र म्याद थप समेत नगरेकोले अधुरो अवस्थामा ठेक्का रहेको पाइयो ।

कार्यक्रम	सम्झौता रकम	भुक्तानी रकम	कैफियत
मनहरी आप खोल्सी सडक	७६११०९८।५०	६६३६८६६।३४	दोस्रो रनिङ बिल भुक्तानी, कार्यसम्पन्न प्रतिवेदन तयार गाउँको म्याद थप पनि नभएको

७३. **नापी मूल्यांकन :** कोटी सलोनी गैजुराङ मोटरबाटो निर्माणको रु ५०००२९२।५३ को लागत अनुमान तयार गरी उपभोक्ता समितिका अध्यक्ष प्रकाशमान थिङ सँग २०७५।९।२७ मा सम्झौता गरेको देखिन्छ । उक्त कार्य उपभोक्ताले जिम्मा लिई निर्माण व्यवसायीको मेशिन भाडा र इन्धन बिल मात्र पेश गरी रु ४९३३५३८।४७ मूल्यांकन भई ४८४१०००।०० खर्च भएको देखिन्छ । श्रम प्रधान कार्य मात्र उपभोक्ता समितिले गर्ने सक्नेमा उपभोक्ताले सम्झातौ गरी मेशिनवाट कार्य गराउदा प्रतिस्पर्धा नभई लागत अनुमान अनुसार नै भुक्तानी भएको देखिन्छ । नापी किताबमा निम्नानुसार कार्य भएको प्रमाणित बेगर भुक्तानी गरेको देखिन्छ । भएको कार्यको वास्तविक नापजाँच गरी नापी किताबमा चढाई सोको आधारमा बिल तयार गर्नुपर्नेमा नापी किताबमा नै नचढेको रकम असुल गर्नुपर्ने रु

सि.नं.	कामको विवरण	भुक्तानी रकम
१.	जग खन्ने काम	११०४
२.	जाली भर्ने काम	७६६३.१०
३.	ढुवानी	५००००.००

उपभोक्ता समितिले ढुवानी तथा जाली खरीदको बिल समेत पेश गरेको देखिएन । यसबाट कार्य भएको छ भन्ने आधार देखिएन । नापी किताब तथा ठेक्का सम्बन्धी बिलमा उपभोक्ता समितिबाट छाप लगाई प्रमाणित समेत गरेको देखिएन । नापी किताब र ठेक्का बिलमा उपभोक्ता समितिबाट प्रमाणित गर्ने र खर्च सार्वजनिक गरेको प्रमाण समेत लिई भुक्तानी गरिनुपर्दछ । — १२७७६७.१०

७४. मनहरी आप खोल्सी सडकमा प्रोभिजनल सम अन्तर्गत Relocation ofservice/minor infrastructure बापत रु.२००००।०० शिखर इन्जिनियरिङ कन्स्ट्रक्सनलाई भुक्तानी गरेको देखिन्छ । प्रोभिजनल सम अन्तर्गत भएको कामको नापी मूल्यांकन तथा सो बिल भरपाई कार्य आदेश समेत नभएकोले उक्त रकम असुल हुनुपर्ने रु — २००००.००

७५. चैनपुर सडक रतुवा खैराङ मलेखु सडकमा जय भैरब/मंगलथान कन्स्ट्रक्सन जे.भी. ले जनरल आइटम अन्तर्गत विमा गरेको प्रमाण तथा बिल बेगर रु ३००००।०० र इन्फरमेशन बोर्ड बापत रु १००००।०० भुक्तानी गरेको रकम असुल गर्नु पर्ने रु — ४००००.००

७६. उपभोक्ताको योगदान नभएको: प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प.सं. ०७५।७६ च.नं. ३१२ मिति २०७५।७।१३ को पत्रमा प्रदेशबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत सशर्त अनुदानका रुपमा पठाइएका कार्यक्रममा स्थानीय स्तरको थप लागत सहभागिता आवश्यक नपर्ने उल्लेख छ ।

प्रदेश सरकारको बजेटबाट संचालित गरेकोमा उपभोक्ता समितिले श्रमदान (योगदान) रहेको पाइएन । अन्य कार्यक्रममा कम्तिमा १५ प्रतिशत उपभोक्ताको योगदान रहेकोमा प्रदेश तर्फको कार्यक्रममा मात्र उपभोक्ता सहभागिता नहुन उपयुक्त देखिएन । यो बर्ष प्रदेश सरकार तर्फका सशर्त तर्फ रु ५४०८६९४०।०० खर्च भएकोमा उपभोक्ता समितिबाट जनसहभागिताको अंश रहेको पाइएन ।

७७. **नापी बेगर भुक्तानी:** चैनपुर बाघमारा मैनटार गोठरी सुनरीचौरा बिरालीटार सडकको रु ५००७६७५।४३ को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराइएको देखिन्छ । कूल ४९७३७०९।०२ (कन्टेन्जेन्सी समेत) को मूल्यांकन गरी कन्टेन्जेन्सी र कर कटाई भुक्तानी गरेको देखिन्छ । निम्नानुसार आइटम बास्तविक नापजाँच गरी नापी किताबमा चढाई भुक्तानी गर्नु पर्नेमा नापी किताबमा प्रविष्टी नगरेकोले उक्त रकम बास्तविक खर्च भएको मान्न नसकिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु ४०४५१३.६५

सि.नं.	आइटम	कामको विवरण	भुक्तानी रकम
१.	Surface Dressing		३२९५६.००
२.	ग्याबिनको काम		३४७१००.००
३.	जग खन्ने काम		१२०००.०
४.	४५० एम एम ह्युम पाइप		५२२०.००
५.	६०० एम एम ह्युम पाइप		७२३७.६५

७८. **मुल्य अभिवृद्धि कर कट्टी नभएको** :नेपाल सरकार, आन्तरिक राजश्व विभाग को च.न.१२७ मिति २०७६।२।२७ र म.ले.नि.का को च.न. ४१८ मिति २०७६।२।३० को परीपत्र अनुसार मु.अ.कर ऐन २०५३ को दफा ६ ग मा करार वा सम्झौता वमोजिमको वस्तु तथा सेवाको मु.अ.कर भुक्तानीमा ६.५ प्रतिशत मु.अ.कर कट्टी गरी सम्वन्धीत कार्यालयको राजश्व शिर्षकमा दाखीला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आ.व २०७५।०७६ मा विभिन्न भूक्तानीमा ६.५ प्रतिशत प्रतिशत मु.अ.कर कट्टी नगरेकोले निम्नानुसार मु.अ.कर दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु ७८६३००.००

योजना	निर्माण व्यवसायी	कूल भुक्तानी	५०%लेहुने रकम
चैनपुर साजग रानीवाङ पंजनी खैराङ मलेखु सडक	जय भैरब मंगल यान जे.भी.	२८०८०६३	१६१५२५.७६
चैनपुर कत सिंह देवीटार गोठाडाँडा	शिखर इन्जिनियरिङकन्स्ट्रक्सन	४२२४५८७.०९	२४३००७.२२
मनहरी चैनपुर आप खोल्सी सडक	शिखर इन्जिनियरिङकन्स्ट्रक्सन	६६३६८६६.३४	३८१७६६.३७

७९. **वडा कार्यालय भवन** : वडा कार्यालय ७ को भवन निर्माण गर्न २५ लाख बजेट स्वीकृत भएकोमा उपभोक्ता समिति मार्फत कार्य गरेको पाइयो । भवनको लागत अनुमान २६६०८७८।५८ स्वीकृत भएकोमा कूल नापी मूल्यांकन रु २६६०८७८।५८ गरी रु ७५०००।०० कन्टेन्जेन्सी कट्टा गरी रु २४२५०००।०० भुक्तानी गरेको लागत अनुगमन अनुसार कार्य सम्पन्न भएको प्रतिवेदन कार्यालयबाट योजना अनुगमन गरेको देखिन्छ । कार्यालय भवन उपभोक्ता समितिबाट निर्माण गर्न नियम संगत देखिएन ।

उक्त भवन निर्माणको लागि ढुवानी बापत रु ५ लाख लागत अनुमानमा राखेकोमा दर विश्लेषण गरेको पाइएन । ढुवानी बापत रु.२ लाख को कर कट्टी गरेको भए पनि बिल १६००००।०० मात्र पेश गरेको देखिएको र ढुवानी गरेको परिमाण र दर समेत उल्लेख गाउँ एकमुष्ठ ढुवानी भरपाई पेश गरेको देखिन्छ ढुवानी कर रु ५ लाख दाबी गरेकोमा ढुवानी परिमाण दर र बिल बेगर भुक्तानी रकम असुल गर्नुपर्ने रु ३४००००.००

८०.	**असुल** : मनहरी चैनपुर सडक निर्माणको रु ९९९५०९०।५३ लागत अनुमान स्वीकृत गरी घटी कबोल गर्ने न्यू पुजन कन्स्ट्रक्सनसँग ५३८७८६७।५० (४६.०९ प्रतिशत घटी) मा ठेक्का सम्झौता भएको देखिन्छ । उक्त कार्यमा थप कार्य रु ५२५००९।०० समेत रु ६००२३२९।०७ भुक्तानी गरेको देखिन्छ । थप कार्य गर्ने गाउँकार्यपालिकाको निर्णयलाई चौथो गाउँपरिषद्बाट स्वीकृत भएको देखिन्छ । जनरल आइटम अन्तर्गत प्रोभिजनल सम मा रहेको विमा बापतको नेको इन्स्युरेन्स कम्पनीको बिमाको बिल रु २५२९८।०० पेश गरेकोमा प्रोभिजन गरेको रकम रु १००००००।०० नै भुक्तानी गरेको र इन्फरमेशन बोर्ड बापतको रकम वास्तविक लगत बेगर र बोर्ड राखेको फोटो समेत पेश भएको नदेखिएकोले यसमा भुक्तानी भएको रकम रु १५०००।०० समेत जम्मा रु ८९७०२।०० असुल हुनुपर्ने रु	८९७०२.००
८१.	**बढी भुक्तानी** : उपरोक्त अनुसार ठेक्का सम्झौता ५३८७८६७।५० र थप कार्यादेश र ५२५००९।०० समेत जम्मा रु ५९१२८७६।५० हुनेमा तेस्रो तथा अन्तिम बिल सम्को रु ६००२३२९।०७ भुक्तानी भएकोले ठेक्का रकम भन्दा बढी भुक्तानी भएको रु ८९४५२।५७ असुल गर्नुपर्ने रु	८९४५२.५७
८२.	**पाइप खरिदः** यो बर्ष सिलबन्दी दरभाउ पत्रबाट विभिन्न ३ किसिमका HDPE पाइप सिलबन्दी दरभाउपत्रबाट खरीद गरी रु १४८८५४७।३१ खर्च लेखेको छ । उक्त पाइपहरु आवश्यक्ताका आधारमा वितरण गरी खर्च लेखेको देखिन्छ । यसबाट पाइप खर्चको दिगो उपयोग हुने र खानेपानीको भरपर्दो विकल्प हुने देखिएन । खानेपानी योजना निर्माण गरी व्यवस्थित खानेपानी उपलब्ध गराउने कार्यक्रम तय गर्नुपर्दछ ।	
८३.	**विपद् व्यवस्थापनः**आर्थिक बर्षको अन्त्यमा विपद् व्यवस्थापन राहत पुनःस्थापन सामाग्री अन्तर्गत जस्तापाता र ४८१३९३।०० पूर्व तयारी सामाग्री रु ४८४०८९।०० खर्च लेखेको देखिन्छ । उक्त सामाग्रीहरु छुट्टै जिन्सी खातामा आम्दानी गरेको विवरण पेश भएको छ । यस्ता सामाग्रीहरुको जिन्सी खातामा प्रमाणित समेत गरेको छैन । खरीद सामाग्री जिन्सी आम्दानी गर्ने खाता प्रमाणित गर्ने र स्वीकृत माग फाराम एवं सर्जमिन मुचुल्काको आधारमा हस्तान्तरण गरी खाता अद्यावधिक हुनुपर्दछ । जिन्सी सामाग्री हिनामिना दुरुपयोग नहुने गरी आन्तरिक नियन्त्रणको अवस्था मिलाउन पर्ने देखिन्छ ।	
८४.	गाउँपालिकाबाट सञ्चालित ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम अन्तर्गत विभिन्न योजना अनुगमन निरिक्षण बापत ४ जना पदाधिकार समेत १ जना प्राविधिक समेतलाई रु ८२०२५।०० कर कट्टी पछिको भुक्तानी खर्च लेखेको छ । सो अनुगमनको प्रतिवेदन संलग्न भएको पाइएन ।	
८५.	**४६८।०७६।३।२५** एकल महिला श्रम सहकारी भवन निर्माण भनी रु १५ लाख बजेट स्वीकृत भएको देखिन्छ । उक्त कार्यक्रम परिवर्तन गरी एकल महिला तथ्यांक संकलन र आय आर्जन कार्यक्रम गरेको भनी १४४७०००।०० को बिल भरपाई पेश भएको रु १२८८०००।०० भुक्तानी भएको छ । अध्यक्ष दुर्गा थापा मुक्तानले पेश गरेको विभिन्न बिल भरपाई अनुसार वडामा तथ्यांक संकलन बापत रु १५३०००।००, ९ वटा बोका खरीद ४०५०००।०० औषधी खरीद ६२०८०।०० ढुवानी ३००००।०० उन्त पाडी खरीद ४५३०००।०० विविध १९०२०।०० गोठ सुधारमा ३२००१८।०० र प्रतिवेदन लेखन ३०००।०० को भरपाई पेश गरेको देखिन्छ । यसरी सहकारी भवन निर्माणमा बजेट स्वीकृत गरिनु उपयुक्त देखिएन भने कार्यक्रम परिवर्तन गरी खर्च गरेको देखिन्छ । कार्यक्रम संचालन पूर्व लागत अनुमान सहितको प्रस्तावना स्वीकृत नगरेकोले खर्च भिडान गर्ने आधार देखिएन । गोठ सुधार बोका वितरण र उन्नत पाठी वितरणको उपयोग सम्बन्धमा अनुगमन गरेको देखिएन । त्यस्तै वडा कार्यालयबाटै तथ्यांक अद्यावधिक हुनेमा तथ्यांक संकलन बापतको खर्च रु १५३०००।०० समेत औचित्यपूर्ण देखिएन । पुँजीगत कार्यक्रम तर्फ स्वीकृत गर्दा नै दिगो र प्रतिफलमुखी कार्यक्रम स्वीकृत गरी अन्य कार्यक्रम तर्फ चालू तर्फ गरिनुपर्दछ ।	
८६.	चमेरे गुफा जलपरी झरनाः चमेरेगुफा जलपरी झरना व्यवस्थापन तथा निर्माण बापत यो बर्ष रु २५ लाख बजेट स्वीकृत भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार	

	छन् । १. चमेरे गुफा तथा जलपरी झरना पर्यटीय क्षेत्रको गुरु योजनामा तयार तथा विस्तृत सर्भे डिजाइन बापत सिस्टमेटिक इन्जिनियरिंग एसोसियटसलाई रु.७४५८००।०० भुक्तानी गरेको देखिन्छ । परामर्शदाताले पेश गरेको प्रतिवेदन क्षेत्रगत शर्त अनुरुप भए नभएको जाँचबुझ गरी स्वीकृत गर्ने र प्रतिवेदन जिन्सी अभिलेख गरेको पाइएन । २. निर्माण कार्यको १९७२००२।०० को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग २०७६।१।३१ मा जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । कूल नापी मूल्यांकन १९७२९३३।३६ गरी १७५००००।०० खर्च गरेको देखिन्छ । उक्त कार्यमा हेभी मेशिन प्रयोग गरी बाटो निर्माण कार्य गरेको अकिला निर्माण सेवाको कर बिजक पेश भएकोले उपभोक्ता समितिबाट कार्य भएको मान्न सक्ने देखिएन ।	
८७.	धिरांग गालिंग चरीमारा सडक समपूरक कोषबाट रु ४०००००००।०० बजेट स्वीकृत भएकोमा २ वटा टुक्रमा लागत अनुमान तयार गरी २ छुट्टा छुट्टै समितिबाट कार्य गराई रु ३१८८५८५।९८ को नापी मूल्यांकन गरी रु २४५८०००।०० भुक्तानी गरेको देखिन्छ । उक्त कार्य उपभोक्ता समितिले सम्झौता गरी लिएको भए पनि निर्माण व्यवसायीको २ थान बिल संलग्न गरी भुक्तानी लिएको देखिन्छ । हेभी मेशिन प्रयोग गर्ने गरी उपभोक्ता समितिबाट कार्य गराउँदा प्रतिस्पर्धा नहुने, रोजगारी सिर्जना पनि नहुने र कानुन सम्मत समेत नदेखिएको रु	२४५८०००.००
८८.	खरकण्डेटार मागेनी हिदाम हुँदै चैनपुर सडक निर्माणको लागि प्रदेश सरकार स्रोतबाट रु ५० लाख बजेट स्वीकृत भएकोमा रु ५००८५२८।५४ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति (अध्यक्ष जंगजाल प्रजा) सँग ०७५।११।२२ मा चैत्र मसान्त भित्र कार्य गर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त कार्यको प्रथम रनिंग बिल ३९००३४९।०५ भुक्तानी गरेकोमा सम्राट इन्जिनियरिंग निर्माण सेवाको विजक नं. ०१५।०७६।१।८ को बिल संलग्न गरी भुक्तानी लिएको देखिन्छ । उक्त कार्य उपभोक्ता समितिले सम्झौता गरी लिए पनि निर्माण व्यवसायीको बिल उनुसार उपभोक्ता समितिले कार्य गरेको भन्न सकिने देखिएन । यसबाट प्रतिस्पर्धा नहुने रोजगारी सिर्जना नहुने र कानुनको पालना समेत भएको नदेखिएको रु	३९००३४९.०५
८९.	**विद्युत विस्तार :** पंजनी देवीटार राक्सीरांग मेनलाइन विस्तार कार्यको लागि रु ६ लाख बजेट स्वीकृत भएको देखिन्छ । उक्त कार्यको रु.६४२१९४।६० को लागत अनुमान तयार गरी २०७५।९।३० मा उपभोक्ता समितिसँग २०७५ चैत्र ३० भित्र कार्य सम्पन्न हुने गरी सम्झौता गरेको छ । उपभोक्ता समितिले नेपाल पावर सोलुसन प्रा.लि. सँग सम्झौता गरी काम गराएको र रु ६४२१९४।६० भुक्तानी लिएको देखिन्छ । विद्युत विस्तारको कार्य उपभोक्ता समितिले जिम्मा लिई अन्य फर्मबाट कार्य गराएकाले नियम संगत मान्न सक्ने देखिएन ।	
९०.	**परामर्श दाता :** सार्वजनिक खरीद ऐन, २०६४ को दफा २९(क) मा कुनै पनि सार्वजनिक निकायमा भएका जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा उक्त कार्य गर्न परामर्शदाता नियुक्त गरी कार्य गर्न सक्ने उल्लेख छ । कार्यालयले विभिन्न कामको लागि परामर्शदाता नियुक्ति गरी खर्च लेख्दा पुँजीगत अनुसन्धान तथा परामर्शबाट मात्र खर्च नभई सम्बन्धित कार्यक्रमबाट समेत खर्च लेखेको र लागत अनुमान तयारीको आधार स्पष्ट नभएको परामर्शदाताले इन्सपेक्सन टिपोट र ड्राफ्ट रिपोर्ट पेश गर्ने, टिपोट प्रस्तुतीकरण गर्ने र त्रुटी सच्चाई अन्तिम प्रतिवेदन लिने कार्य भएको देखिएन । त्यस्तै परामर्शदाताबाट प्राप्त प्रतिवेदन क्षेत्रगत शर्तहरु अनुरुप भए नभएको परीक्षण गरी स्वीकृत गर्ने र अभिलेख राख्ने समेत कार्य नभएकोले परामर्श सेवामा भएको खर्च यथार्थ र उपलब्धीमुलक छ भन्न सक्ने देखिएन ।	

परामर्शदाताको नाम	रकम
एस एण्ड आर्किटेक्चरर सिभिल इन्जिनियरिंग (टेण्डर डकुमेन्ट तयारी)	१००००००.००
सजोनिन इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. (प्रजा आ.वि. डि.पिआर.)	१००००००.००
विष्ट इन्कर्पोरेशन प्रा.लि. (चैनपुर कुलसिं देवीटार सडक डिपिआर)	६५८५६०.००
जम्मा	**८५८५६०.००

९१. **पेश्कीः**प्रदेश ३ आर्थिक कार्यविधि ऐन,२०७४ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई वांकी रहेको रु नियमानुसार पेश्की रकम अविलम्ब असूल फछ्र्यौट गर्नुपर्ने रु

क्र. स.	मिति	पेश्कि लिनेको पद	पेश्कि लिनेको नाम	पेश्कि वाँकी रकम
१.	०७५/९/२५	संस्थागत	स्टेट भिजन प्रा.लि., हेटौंडा	६००००.००
२.	०७६/३/२६	उ.स.अध्यक्ष	सुदिप प्रजा	१००००००.००
३.	०७५/११/१	संस्थागत	गोदावरी महिला जागरण श्रम तथा सहकारी संस्था लि.	१४३०००.००
४.	०७६/३/६	संस्थागत	नेपाल विद्युत प्राधिकरण	१००००००००.००
५.	०७६/३/७	संस्थागत	राक्सिराङ्ग स्वास्थ्य चौकी एम्बुलेन्स सञ्चालन समिति	१६००००००.००
			जम्माः	**११९०३०००.००**

११९०३०००.००

९२. **सम्परीक्षण :** प्रदेश आर्थिक कार्याविधि ऐन २०७४ को दफा ३५(२) मा कार्यालयले बेरुजू फछ्र्यौट गरि सम्परीक्षणको लागि अनुरोध गर्नु पर्ने व्यवस्था छ । कार्यालयको गत विगतको बेरुजू मध्ये लेखापरीक्षणको क्रममा बेरुजुसँग सम्बन्धित प्रमाण कागजातहरू सलग्न राखी बेरुजू फछ्र्यौट गरि सम्परीक्षण लागि अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासीब देखिएकोले रु.६१३६६३.०० बेरुजु फछ्र्यौट गरिएको छ । सो को व्यहोरा मिति २०७६।९।७ को प्रारम्भीक प्रतिवेदनमा संलग्न छ ।

अनुसूची - १

राक्सिराङ्ग गाउँपालिका, मकवानपुरको सञ्चित कोष विवरण
२०७५।७६

प्रदेशः बागमती (रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	राक्सिराङ्ग गा.पा.	मकवानपुर	४५६९७	१००१५०	१३६७१६	२००३५२	४३७२१८	१९३७१२	२०४५८२	१७२९	४०००२३	८२८९२

अनुसूची - २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	अशुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	मकवानपुर	राक्सिराङ्ग गा.पा.	६६	२८	३३६५४	०	३	२३०३	६६	२५	३१३५१	१४७९	१२६७४	५२९५	०	०	१७९६९	०	११९०३	११९०३

अनुसूची - ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	राक्सिराङ्ग गा.पा.	मकवानपुर	१४५५५	६१४	१३९४१	००	३१३५१	४२२९२